मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
☎ 9854028218
☎ 9802592799
☎ 9803474311
☎ 9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २७२ ● २०८३ साल भाद्र २२ गते सोमबार ● Monday 07, September 2026 ● सूर्योदय: बिहान ०५:४४ बजे ● सूर्यास्त: साँझ ०६:१९ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

उद्योगी अनमोल पुनः पक्राउ

मधेशदृष्टि
वीरगंज।
वीरगंजका उद्योगी अनमोल साहलाई प्रहरीले फेरि पक्राउ गरेको छ । यसअघि बिहीबार पक्राउ परेका साहलाई प्रहरीले सोही दिन अदालतमा पेश गरेको थियो। अदालतबाट धरौटीमा रिहा भएका साहलाई पुनः प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी चक्रबहादुर मल्लका अनुसार सोही मुद्दामा अर्को व्यक्तिले दिएको उजुरीका आधारमा साहलाई पुनः पक्राउ गरिएको हो । ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दामा अदालतको आदेशपछि साहलाई पक्राउ गरी अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरीले जनाएको छ।

वीरगंज महानगरपालिका–१७ निवासी सुनिता देवीको जाहेरीका आधारमा ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दामा साह पक्राउ परेका हुन्।

क्यासिनोमा इन्स्पेक्टरदेखि गाउँपालिका अध्यक्षसम्म:
८ जना पक्राउ, सरकारी गाडीसमेत नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज।
वीरगंजका क्यासिनोमा नेपाली नागरिकको प्रवेशमाथि कानुनी प्रतिबन्ध हुँदाहुँदै पनि निर्वाध रूपमा जुवा खेलाइने गरेको आरोपबीच पर्सा प्रहरीले गरेको कारबाहीले क्यासिनोभित्रको पहुँच, संरक्षण र सम्भावित मिलेमतोलाई पुष्टि गरिदिएको छ । प्रहरीले वीरगंज महानगरपालिका–१४ गण्डकस्थित गोल्डेन फिंगर गेमिङ जोन प्रालि क्यासिनोमा छापा मारेर स्थानीय तहका अध्यक्ष, कार्यरत प्रहरी निरीक्षकसहित आठ जनालाई नियन्त्रणमा लिएपछि यो विषय थप चर्चामा आएको हो। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार भदौ १२ गते राति करिब १०:३० बजे क्यासिनोमा नेपाली नागरिक प्रवेश गरी जुवा खेलिरहेको सूचना प्राप्त भएपछि प्रहरी टोली परिचालन गरिएको थियो। सूचनाको आधारमा गरिएको कारबाहीका क्रममा जुवा खेलिरहेको आरोपमा चार जना र नेपाली नागरिकलाई क्यासिनो प्रवेश गराई जुवा खेलाउने कार्यमा संलग्न आरोपमा क्यासिनाका चार कर्मचारी गरी आठ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष ३६ वर्षीय जसवन्त यादव, सोही गाउँपालिका–६ का ३० वर्षीय चन्दन सहनी, वीरगंज महानगरपालिका–११ का ३९ वर्षीय ओमप्रकाश बैठा र इलाका प्रहरी कार्यालय पोखरियामा प्रहरी निरीक्षकका रूपमा कार्यरत स्याङ्जाको हरिनास गाउँपालिका–९ का ३६ वर्षीय प्रदीप पौडेल रहेका छन्। यादव नेकपा एमालेबाट निर्वाचित सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष हुन् भने पौडेल इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुखका रूपमा कार्यरत प्रहरी निरीक्षक छन् । एउटै क्यासिनोबाट जनप्रतिनिधि र प्रहरी अधिकारी नै पक्राउ परेपछि वीरगंजमा क्यासिनो संचालन र नेपाली नागरिकको प्रवेशसम्बन्धी व्यवस्थामाथि गम्भीर बहस सुरु भएको छ।

प्रहरीका अनुसार क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराउने तथा जुवा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा वीरगंज महानगरपालिका–१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगंज–२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरीको पिपरा गाउँपालिका–५ का ४९ वर्षीय जयदेव साह र वीरगंज–१२ का ५० वर्षीय प्रदेशी साहलाई समेत पक्राउ गरिएको छ । प्रहरीले पक्राउ परेका आठै जनामाथि थप अनुसन्धान भइरहेको जनाएको छ। पक्राउ परेकाहरुमाथि जुवा ऐन सम्बधी कानूनी प्रक्रिया अघि बढाइने बताइएको छ।

- **सरकारी गाडी क्यासिनो परिसरमै**

यो घटनालाई थप गम्भीर बनाउने अर्को पक्ष सखुवाप्रसौनी गाउँपालिकाको सरकारी सवारीसाधन क्यासिनो परिसरबाट नियन्त्रणमा पर्नु हो । प्रहरीका अनुसार गाउँपालिकाको ना.१ झ १६८७ नम्बरको स्कार्पियो क्यासिनो परिसरमा भेटिएपछि नियन्त्रणमा लिइएको हो । सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने सरकारी सवारीसाधन रातको समयमा क्यासिनो परिसरमा भेटिनुले यसको प्रयोग कसरी र कुन प्रयोजनका लागि भयो भन्ने विषयमा पनि प्रश्न खडा गरेको छ । यसबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ। सरकारी स्रोतसाधन निजी मनोरञ्जन वा जुवा खेल्ने प्रयोजनमा प्रयोग भएको हो कि होइन भन्ने विषय अनुसन्धानबाट स्पष्ट हुने अपेक्षा गरिएको छ।

- **क्यासिनोबाट हार्डडिक्सदेखि सीसीटीभीसम्म बरामद**

पर्सा प्रहरीले कारबाहीका क्रममा क्यासिनोबाट विभिन्न महत्वपूर्ण सामग्रीसमेत नियन्त्रणमा लिएको जनाएको छ। प्रहरीले क्यासिनाको हार्डडिक्स, विभिन्न कागजात, कम्प्युटर तथा सीसीटीभीको डीभीआर बक्स नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ । यी सामग्रीबाट क्यासिनोमा को–को प्रवेश गर्थे, नेपाली नागरिकलाई कसरी प्रवेश गराइन्थ्यो, जुवा खेलाउने प्रक्रिया कसरी सञ्चालन हुन्थ्यो तथा त्यसमा कर्मचारी वा अन्य व्यक्तिको संलग्नता कस्तो थियो भन्नेबारे प्रमाण संकलन गर्न प्रहरीलाई सहयोग पुग्ने देखिन्छ।

विशेषगरी सीसीटीभी फुटेज र डिजिटल उपकरण अनुसन्धानका लागि महत्वपूर्ण

बाँकी पृष्ठ ३ मा

जनकपुर बोल्ट्सबाट उत्सव सिग्देल अलगिए

मधेशदृष्टि
जनकपुरधाम।
नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो संस्करणको च्याम्पियन जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देलले फ्रेन्चाइज टोलीसँग आफ्नो संलग्नता अन्त्य गरेका छन्। सिग्देलले जनकपुर बोल्ट्ससँगै ड्रीम स्पोट्र्स प्राइभेट लिमिटेडबाट पनि तत्काल लागू हुने गरी अलग भएको घोषणा गरेका हुन्। उनले सामाजिक सञ्जालमार्फत क्लब तथा कम्पनीको सञ्चालन, व्यवस्थापन र दैनिक कार्यगत जिम्मेवारीबाट आफू पूर्णरूपमा बाहिरिएको जानकारी दिएका छन्।

एनपीएलको तेस्रो संस्करण सुरु हुन करिब ५० दिन बाँकी रहँदा सिग्देलले यस्तो घोषणा गरेका हुन्। उनले अब जनकपुर बोल्ट्स वा ड्रीम स्पोट्र्सको व्यवस्थापन, प्रशासन, सञ्चालन, वित्तीय कारोबार, सम्झौता तथा करार, खेलाडी र कर्मचारी व्यवस्थापनलगायत कुनै पनि विषयमा आफ्नो संलग्नता नरहने स्पष्ट पारेका छन्।

सिग्देलले आफू अलग भइसकेपछि फ्रेन्चाइज वा कम्पनीसँग सम्बन्धित कुनै पनि प्रतिनिधित्व, प्रतिबद्धता, कारोबार अथवा आधिकारिक सञ्चारमा आफ्नो नाम प्रयोग नगर्न सम्बन्धित पक्षलाई आग्रह गरेका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस मितिपछि जनकपुर बोल्ट्स वा ड्रीम स्पोट्र्स प्राइभेट लिमिटेडको तर्फबाट गरिने कुनै पनि कार्य, निर्णय, प्रतिबद्धता वा दायित्वप्रति आफ्नो जिम्मेवारी रहने छैन।'

फ्रेन्चाइजसँगको यात्रामा साथ दिने खेलाडी, प्रशिक्षक, कर्मचारी, समर्थक तथा शुभेच्छुकप्रति सिग्देलले आभार व्यक्त गरेका छन्। यस अवधिमा प्राप्त अनुभव, अवसर र बनेका सम्बन्धलाई आफूले महत्वपूर्ण रूपमा लिएको उनको भनाइ छ।

फ्रेन्चाइजको जिम्मेवारीबाट अलग भए पनि नेपाली खेलकुदमा आफ्नो सक्रियता भने जारी रहने सिग्देलले बताएका छन् । आगामी दिनमा विभिन्न परियोजना तथा पहलमार्फत नेपाली खेलकुदको विकास र प्रवद्र्धनमा योगदान गर्ने उनको भनाइ छ।

उनले जनकपुर बोल्ट्स र ड्रीम स्पोट्र्सको आगामी यात्राका लागि सफलता र प्रगतिको शुभकामना समेत दिएका छन्।

एनपीएलको पहिलो संस्करण जितेको जनकपुर बोल्ट्स दोस्रो संस्करणमा भने आठौं स्थानमा सीमित भएको थियो । तेस्रो संस्करणका लागि टोलीले खेलाडी छनोट तथा व्यवस्थापनलाई अघि बढाइरहेको छ।

यसक्रममा दोस्रो सिजनमा पोखरा एभेन्जर्सबाट खेलेका जिम्मी निशम जनकपुर फर्किएका छन् । अमेरिकाका हरमित सिंहलाई टोलीको कप्तानीको जिम्मेवारी दिइएको छ । यसअघि जनकपुरका दुई सिजनका मार्की खेलाडी रहेका आशिफ शेख भने यसपटक टोलीमा छैनन्।

सीमा क्षेत्रबाट मदिरा पसल हटाउन
प्रशासनको एकमहिने अल्टिमेटम

मधेशदृष्टि
वीरगंज।
पर्साको छिपहरमाई गाउँपालिका–५ भिस्वा क्षेत्रमा नेपाल–भारत सीमानजीक सञ्चालनमा रहेका मदिरा पसल हटाउन प्रशासनले एक महीनाको समयसीमा दिएको छ।

जिल्ला प्रशासन कार्यालय पर्साको निर्देशन अनुसार आउदो असोज १८ गतेसम्म सम्बन्धित व्यवसायीलाई आफ्ना पसल अन्यत्र स्थानान्तरण वा व्यवस्थापन गर्न समय दिइएको प्रहरीले जनाएको छ । सीमा क्षेत्रबाट करीब आधा किलोमिटरभित्र मदिराजन्य पदार्थको बिक्री वितरणमा शुरूदेखि नै रोक लगाइएको भएपनि पर्साको भिस्वालगायत केही स्थानमा उक्त नियम प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको छैन।

जसका कारण सीमा क्षेत्रमैं मदिराजन्य पदार्थको खुलेआम बिक्री वितरण तथा सेवन हुँदै आएको स्थानीयको गुनासो रहेको छ।

देशलाई मधेशको ग्यासले भरथेग

मधेशदृष्टि
वीरगंज।
पृथ्वी राजमार्गको कृष्णभिर खण्डमा गएको पहिरोका कारण मुख्य सडक मार्ग अवरुद्ध भएपछि राजधानी काठमण्डौलाई मधेशका ग्यास उद्योगहरूले भरथेग गरिरहेका छन्। एलपी ग्यासको हाहाकार हुन नदिन नेपाल आयल निगमले मधेशबाट वैकल्पिक मार्ग प्रयोग गरी राजधानीमा ग्यासको आपूर्ति व्यवस्था सहज बनाएको छ।

काठमाडौँ उपत्यकाका ग्यास उद्योगहरूका सिलिन्डरहरूलाई तराई मधेशका विभिन्न जिल्लाहरूमा रहेका उद्योगहरूमार्फत रिफिल गराएर सुरक्षित रूपमा काठमाडौँ पठाइ बिक्री वितरण सुरु गरिएको नेपाल आयल निगम लिमिटेडले जनाएको हो । निगमको जानकारीअनुसार बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, धनुषा र महोत्तरी जिल्लाका १६ वटाभन्दा बढी विभिन्न ग्यास उद्योगहरूमा सिलिन्डरहरू रिफिल गरिएका छन्।

पछिल्लो तीन दिनको तथ्यांक हेर्दा, भदौ १८ गते २४ हजार ४९४, भदौ १९ गते ३४ हजार १३४ र भदौ २० गते २९ हजार २४९ वटा गरी कुल ८७ हजार ८७७ वटा ग्यास सिलिन्डरहरू रिफिल गरेर राजधानी पठाइएको निगमले जनाएको छ।

मधेशी समुदायलाई विभेद गरी लेख्ने पक्राउ

मधेशदृष्टि
जनकपुरधाम।
मधेशबासी समुदायलाई लक्षित गरी सार्वजनिक स्थानमा सामाजिक सद्भाव बिगार्ने तथा द्वन्द्व निम्त्याउने प्रकृतिका अभिव्यक्ति लेखेको आरोपमा प्रहरीले काठमाडौँमा एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा खोटाङको बाक्सिला नगरपालिका–१५ घर भई काठमाडौँ महानगरपालिका–३१ शंखमुलमा बस्दै आएका ३५ वर्षीय विशाल गुरुङ रहेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

काठमाडौँका विभिन्न सार्वजनिक स्थानमा मधेश समुदायलाई लक्षित गरी सामाजिक सद्भावमा असर पार्ने किसिमका अभिव्यक्ति लेखिएको भेटिएपछि प्रहरीले त्यसमा संलग्न व्यक्तिको पहिचान तथा खोजी थालेको थियो।

अनुसन्धानका क्रममा जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त नयाँ बानेश्वरबाट परिचालित टोलीले गुरुङलाई शंखमुलबाट नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार उनलाई सार्वजनिक शान्तिमा खलल पार्ने नहुनेसम्बन्धी कसुरमा नियन्त्रणमा राखिएको छ। पक्राउ परेका गुरुङमाथि प्रहरी वृत्त बानेश्वरबाट थप अनुसन्धान भइरहेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक दानबहादुर थापाले सामाजिक सद्भावमा प्रतिकूल असर पार्ने र द्वन्द्व भड्काउने गतिविधिमाथि प्रहरीले निगरानी बढाएको बताएका छन्।

बेजोड शक्ति
ब्रोन स्टिल बाट निर्मित
हेङ्गा (पटरा) सहित
रोटावेटर
SILVER ब्राण्ड
SILVER
PUMPS | MOTORS | AGRI
फुल वारेन्टी 3 वर्षको
शक्तिशाली टिकाउ भरपर्दो
✓ उच्च गुणस्तरको ब्रोन स्टिल प्रयोग
✓ हेङ्गा (पटरा) सहितको बलियो निर्माण
✓ कडा र पक्का गियर बक्स
✓ उत्कृष्ट परफर्मेन्स र लामो टिकाउपन
YUVA HEAVY DUTY
हेङ्गा (पटरा) सहितको मे बलियो संरचना
ब्रोन स्टिल बाट निर्मित टिकाउ र भरपर्दो
उच्च गुणस्तरको गियर बक्स
फुल वारेन्टी ३ वर्षको
सबै प्रकारका ट्र्याक्टरमा उपयुक्त
अधिकृत बिक्रेता:
त्रिशक्ति ट्रेक्टर
वीरगन्ज, पर्सा
सम्पर्क गर्नुहोस्:
9855021281

सम्पादकीय

क्यासिनोमा जनप्रतिनिधि र प्रहरीको निर्लज्ज उपस्थिति

वीरगंजका क्यासिनोमा नेपाली नागरिकको प्रवेश, जनप्रतिनिधिको सहभागिता र प्रहरीको मौन समर्थनसम्बन्धी समाचारले राज्य संयन्त्रको नैतिक धरातलमाथि गम्भीर प्रश्न उठाएको छ। क्यासिनो नेपालीका लागि निषेधित क्षेत्र हो भने त्यसको कार्यान्वयन गराउने जिम्मेवारी प्रहरी प्रशासनको हो। तर, विरोध र निगरानी गर्नुपर्ने प्रहरी नै पालिकाका अध्यक्ष वा मेयरलाई साथमा लिएर क्यासिनो पुग्ने दृश्य सार्वजनिक हुन्छ भने त्यसले कानुनको उपहास मात्र गर्दैन, नागरिकको विश्वासमाथि पनि प्रहार गर्छ।

जनप्रतिनिधि जनताको करबाट तलब, सुविधा र सम्मान पाउने सार्वजनिक पदाधिकारी हुन्। उनीहरूबाट अनुशासन, पारदर्शिता र उदाहरणीय आचरणको अपेक्षा गरिन्छ। तर, क्यासिनोभित्र प्रवेश गरेको विषय सार्वजनिक भएपछि त्यसलाई लुकाउन वा टार्न ‘शौचालय जान खोजेको’ जस्तो बहाना बनाउनु आफैँमा थप लज्जास्पद व्यवहार हो। गल्ती भएको भए स्वीकार गर्ने, छानबिनमा सहयोग गर्ने र जनतासामु जवाफदेही बन्ने संस्कार नै लोकतान्त्रिक नेतृत्वको पहिचान हो; बहाना बनाएर उम्किन खोज्नु होइन।

यस घटनाले क्यासिनो सञ्चालन र नियमनमा रहेको दोहोरो मापदण्ड पनि उजागर गरेको छ। कानुन कमजोर नागरिकमाथि मात्र लागू हुने र शक्तिशाली, पहुँचवाला तथा पदाधिकारीका लागि छुट हुने हो भने विधिको शासनको अर्थ समाप्त हुन्छ। प्रहरी प्रशासनले कसैको पद, राजनीतिक सम्बन्ध वा प्रभाव नहेरी समान रूपमा कानुन कार्यान्वयन गर्नुपर्छ। नेपाली नागरिकलाई अवैध रूपमा क्यासिनो प्रवेश गराउने, सहयोग गर्ने वा संरक्षण दिने जोसुकै भए पनि उसमाथि निष्पक्ष अनुसन्धान र कारबाही हुनुपर्छ।

स्थानीय तहका प्रमुख र प्रहरी अधिकारीको यस्तो उपस्थिति संयोग मात्र हो कि कुनै संरक्षित मिलेमतोको परिणाम, यसको स्वतन्त्र छानबिन आवश्यक छ। सम्बन्धित निकायले सीसीटीभी फुटेज, प्रवेश अभिलेख, सुरक्षा ड्युटी विवरण र प्रत्यक्षदर्शीका बयानका आधारमा सत्य सार्वजनिक गर्नुपर्छ। छानबिनलाई राजनीतिक दबाब, पदको प्रभाव वा संस्थागत मौनताले प्रभावित पार्न दिनु हुँदैन। दोषी देखिएमा जनप्रतिनिधिले नैतिक जिम्मेवारी लिनुपर्छ र प्रहरी अधिकारीमाथि विभागीय कारबाही हुनुपर्छ

वीरगंजका नागरिकले क्यासिनोमा को गयो भन्ने मात्र होइन, कानुन कसका लागि हो भन्ने प्रश्नको उत्तर खोजिरहेका छन्। जनप्रतिनिधि जनताको आदर्श बन्नुपर्ने ठाउँमा क्यासिनो संस्कृतिको संरक्षणकर्ता देखिनु र प्रहरी नियामकको सट्टा सहयात्री बन्नु लोकतन्त्रका लागि शुभ संकेत होइन। अब पनि सम्बन्धित निकाय मौन बसे भने यो घटना एउटा क्यासिनोको विवादमा सीमित रहने छैन; यसले सार्वजनिक पद, प्रहरी संगठन र राज्यको नैतिक विश्वसनीयतामाथि दीर्घकालीन क्षति पुऱ्याउनेछ।

भोटेकोशी बाढी: जलवायु न्यायको कसीमा नेपालको दाबी

–भीष्मराज ओझा/रासस

नेपालमा यही भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा गएको भिषण तथा आकस्मिक बाढीबाट अकल्पनीय जनधनको क्षति भयो।

भोटेकोशी र त्रिशूली नदी प्रणाली हुँदै पानी, गेग्रान र ठूला ढुङ्गासहितको शक्तिशाली बाढी बगेपछि तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुर्‍याएको हो।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) तथा नेपाल र चीनका साझेदार संस्थाका वैज्ञानिकले यो बाढी उच्च हिमाली क्षेत्रमा उत्पन्न हिउँ–चट्टानको हिमपहिरो (आइस–रक एभालान्च) का कारण भएको प्रारम्भिक जानकारी दिएका थिए। यसमा थप अनुसन्धान जारी छ।

भिडियो फुटेज तथा प्रभावित क्षेत्रबाट प्राप्त सूचनाका आधारमा गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार ठूलो परिमाणमा हिउँ र चट्टानको गेग्रान भोटेकोशी नदीको सहायक नदी ल्हेन्दे खोलामा खसेको थियो।

भोटेकोशी बाढीको विपद्मा परी हालसम्म करिब पाँच हजार जना अझै बेपत्ता रहेका भने त्यसमा ३५ देशका करिब ६०० जना विदेशी नागरिक छन्। प्रभावित क्षेत्रबाट शनिबारसम्म एक हजार ३४४ वटा शव बरामद गरिएका छन्।

यस विपद्को द्रुत क्षति तथा आवश्यकता मूल्याङ्कनअन्तर्गत गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार करिब १५ हजार घरपरिवारका ६० हजार नागरिक विस्थापित भएका नेपाल सरकारले जनाएको छ।

यसैगरी, ४८ सरकारी कार्यालय प्रभावित भएका, ५५ किलोमिटर सडक, ३७ वटा मोटर चल्ने पुल तथा ६८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको सरकारको भनाइ छ।

त्यस्तै, करिब एक हजार ८०६ हेक्टर कृषि भूमि, १३ वटा जलविद्युत् आयोजना, एउटा सौर्य ऊर्जा आयोजना तथा दुई वटा प्रसारण लाइनमा पनि क्षति पुगेको छ। उक्त मूल्याङ्कनअनुसार ७८३ मेगावाट जलविद्युत् उत्पादन क्षमता प्रभावित भएको छ।

प्रारम्भिक मूल्याङ्कनअनुसार आर्थिक हानि तथा नोक्सानी चारदेखि पाँच अर्ब अमेरिकी डलर बराबर रहेको अनुमान छ। गैर–आर्थिक हानि तथा नोक्सानीको अझै गणना हुन बाँकी छ, तर यो आर्थिक हानिको दुईदेखि तीनगुणासम्म हुनसक्ने अनुमान छ।

जलवायुका असरले हिमालमा परिवर्तनको क्रम तीव्र

वैज्ञानिकहरूले हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू–सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको बताएका छन्।

इसिमोडका वरिष्ठ ‘क्रायोस्फियर विशेषज्ञ’ (हिमनदी, हिउँको अवस्था, जलवायु परिवर्तनको प्रभाव र हिमताल फुट्ने जस्ता जोखिमको अध्ययन गर्ने वैज्ञानिक) मोहम्मद फारुक आजमले क्रायोस्फियरसँग सम्बन्धित जोखिमको बढ्दो आवृत्ति पहिलेभन्दा स्पष्ट रूपमा देखिन थालेको बताएका छन्।

अतिकम विकसित मुलुकहरूको समूह (एलडिसिज)ले नेपालको विपद्प्रति ऐक्यबद्धता जनाउँदै बढ्दो जलवायु संकटप्रति चिन्ता व्यक्त गरेको छ। टिमोर–लेस्तेको डिलीमा हालै आयोजित एलडिसिजको मन्त्रिस्तरीय बैठकले अनुकूलन तथा हानि र क्षति सम्बोधन, प्रविधि विकास तथा हस्तान्तरण र क्षमता विकासका क्षेत्रमा सहयोग उपलब्ध गराउने कार्यमा अझै महत्वपूर्ण खाडलहरू रहेको जनाएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले उक्त बैठकमा बिहिबार भोटेकोशी बाढी विपद्बारेमा जानकारी गराउँदै नेपालजस्ता अति कम विकसित मुलुकहरूको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान भए पनि प्रभाव भने सबैभन्दा बढी भोग्नु परेको उल्लेख गरेका थिए।

‘हाम्रो जनताले यस्तो सङ्कटको असहनीय मूल्य चुकाइरहेका छन्। यही नै जलवायु परिवर्तनको केन्द्रमा रहेको गहिरो अन्याय हो। त्यसैले नेपाल जलवायु न्यायका लागि एलडिसिज समूहलाई एकताबद्ध र स्पष्ट आवाजका साथ उभिन आह्वान गर्दछ’ उनले भने।

मन्त्री चौधरीले जलवायुजन्य हानि तथा नोक्सानीका लागि स्थापना गरिएको कोष पूर्णरूपमा सञ्चालनमा आउनुपर्ने र जलवायुजन्य विपद्को सामना गरिरहेका देशहरूका लागि पहुँचयोग्य र प्रभावकारी हुनुपर्नेमा जोड दिएको थियो। ‘भोटेकोशी विपद्लाई द्रुत प्रतिक्रिया सहयोगका लागि विचार गरिनुपर्छ, जसले उक्त कोषले कसरी छिटो, प्रत्यक्ष र प्रभावकारी रूपमा प्रतिक्रिया दिन सक्छ भन्ने उदाहरण प्रस्तुत गर्नेछ,’ उनले भनेका थिए। साथै उनले कोषमा नेपालले भोटेकोशी विपद्को क्षतिपुर्ति सहयोगका लागि पत्र पठाइसकेको जानकारी गराएका थिए।

हानिनोक्सानी कोषमा २.८ अर्ब डलरका वित्तीय अनुरोध

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले कोप–३१ ले हानि तथा नोक्सानी प्रतिक्रिया कोष (एफआरएलडी) को प्रारम्भिक चरणअन्तर्गतको ‘बार्बाडोस कार्यान्वयन व्यवस्था’ (बिआइएम) का लागि अन्तरराष्ट्रिय निकायले उपलब्ध स्रोतमा वृद्धि गरी मागअनुरूप स्रोत सुनिश्चित गर्नुपर्ने विषयमा स्पष्ट र बलियो सन्देश दिनुपर्ने बताए।

हानि तथा नोक्सानी कोषमा वैकल्पिक सदस्यसमेत रहनुभएका उनका अनुसार बिआइएमअन्तर्गत कोषमा हाल कुल ३४२ मिलियन अमेरिकी डलर बराबरको वित्तीय स्रोत रहेको छ। तर उपलब्ध स्रोतको तुलनामा माग निकै बढी छ। हाल ११९ देशले कुल २.८ अर्ब अमेरिकी डलर बराबरका १७६ वटा वित्तीय सहयोगका अनुरोध पेश गरेका छन्। तीमध्ये ४१ वटा नेपालसहित अति कम विकसित मुलुक (एलडिसी)ले मात्र ७२ वटा अनुरोध पेश गरेका छन्, जसको कुल रकम एक अर्ब अमेरिकी डलरभन्दा केही बढी रहेको सहसचिव डा. ढकालले उल्लेख गरे।

त्यस्तै, प्रधानमन्त्री वालेन्द्र शाहले यो विपद् हाम्रा लागि निकै पीडादायी भएको र हामीले गरेको नगन्य गल्तीको ठूलो सजाय भोग्नुपरेको सामाजिक सञ्जालमा उल्लेख गरेका छन्। उनले नेपालले विश्वलाई लामो समयदेखि जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा ठूलो असर परिरहेको बारेमा वकालत गरिरहेको भएपनि विगतदेखि नै जुन डर थियो त्यो यथार्थमा भोटेकोशी नदीमा भीषण बाढी बनेर आएको उल्लेख गरेका छन्। नेपालले यसको जवाफ विश्व समुदायसँग खोज्नुपर्ने उनको भनाई छ।

उनले भनेका छन्, ‘जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयबारे अन्तरराष्ट्रिय समुदाय समक्ष बलियो गरी प्रस्तुत हुनुपर्ने समय आएको छ। हिउँ चट्टान किन खस्यो ? यति धेरै पानी कसरी आयो ? भन्ने प्रश्नको जवाफ मानव सभ्यतालाई जवाफ दिनैपर्छ।’

बढ्दो तापक्रमका कारण भोटेकोशी विपत्ति

प्रधानमन्त्री शाहले जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम १.८ डिग्रीसम्म वृद्धि भइसकेको पुष्टि भएकाले सोही कारण यो विपत्ति आएकामा शंका नभएको तथा जलवायु परिवर्तन विश्वव्यापी योगदान भएको र विपद्प्रतिको कार्य पनि विश्वव्यापी जिम्मेवारी रहने उल्लेख गरेका छन्।

त्यस्तै, विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्य अतिकम विकसित मुलुक तथा हिमाली देशहरूको अस्तित्व र विकासको भविष्यका लागि महत्वपूर्ण रहेको छ। यसमा दशौँ वर्षदेखि जीवाश्म इन्धनमा आधारित आर्थिक वृद्धिबाट सबैभन्दा बढी लाभ लिएका र कार्य गर्न सबैभन्दा बढी क्षमता भएका देशहरूले विशेष जिम्मेवारी वहन गर्नुपर्छ।

जलवायु विज्ञ डा. विमल रेग्मीले कार्बन बढी उत्सर्जन गर्ने धनी र विकसित राष्ट्रहरुले अन्तरराष्ट्रिय महासन्धिअन्तर्गत नेपालजस्ता अल्पविकसित राष्ट्रहरुमा जलवायु परिवर्तनले पारेको असरलाई उचित सम्बोधन गर्न वित्तीय र प्राविधिक सहायता तत्काल उपलब्ध गराउनुपर्नेमा जोड दिए।

‘हानि तथा नोक्सानीलगायत जलवायु वित्तसम्बन्धी कोषले जलवायुजन्य हानि नोक्सानीका लागि तत्काल रुपमा केही राहतको प्याकेज उपलब्ध गराउनुपर्छ। विश्वव्यापी तापक्रम वृद्धिबाट हिमालमा हिउँ र हिमनदी पग्लिनेक्रम बढेको र त्यसैको कारणबाट अहिले भएको भोटेकोशी बाढीबाट जे–जति क्षति भयो, त्यो जलवायु परिवर्तनको मुख्य कारण हो,’ उनले भने, ‘विश्वलाई हामीले प्रष्ट तथ्यांक प्रमाण पेश गर्नुपर्ने हुन्छ। त्यो हामीसँग छ। त्यसको आधारमा विनाशर्त अनुदान सहयोगको पैरवी गर्नुपर्छ।’

अहिले संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्री शाहले सहभागिता जनाई जलवायु न्यायका लागि वकालत गर्ने विषयका सन्दर्भमा उनले उच्चस्तरीय सहभागिताले दबाब सिर्जना गर्ने विषय प्रभावकारी हुने बताए।

‘हिमाली क्षेत्रमा देखिएको यस्तो सङ्कट जलवायु परिवर्तनका कारणबाट भएको हो भन्ने हामीसँग यथेष्ठ प्रमाण छन्। हिमाली क्षेत्रमा तापक्रम वृद्धि भएको त्यो प्रष्ट छ। हिमालमा १.८ डिग्री तापक्रम वृद्धि भइसकेको छ’ उनले भने, ‘तापक्रम वृद्धिका कारणले गर्दा त्यो ‘ग्लेसियर मेल्टिङ’ भएको र ग्लेसियरसँगै ‘रक फल’ भइ ‘ल्यान्डसलाइट’ भएको देखिन्छ। तसर्थ तापक्रम वृद्धिले यो विपद् भएको प्रमाणित भइसकेको छ।’

जलवायु वित्तसम्बन्धी कोषबाट यस्ता घटनाका लागि सहयोग जुटाउन अन्तरराष्ट्रिय सङ्घसंस्था र निकाय नै सक्रिय हुनुपर्ने र यस्ता कोषका प्रक्रियालाई सरलीकरण र पहुँचयोग्य बनाउनुपर्नेमा जलवायु विज्ञ डा. रेग्मीले जोड दिए।

भोटेकोशी बाढीः यसरी भइरहेको छ खोज, उद्धार र राहत कार्य

भोटेकोशी बाढी विपद्को १२औँ दिन पनि खोज, उद्धार र राहत कार्य जारी छ। बाढीबाट ठूलो जनधनको क्षति, ठूलो सङ्ख्यामा नागरिक विस्थापन हुनुका साथै रसुवा, नुवाकोट, धादिङ र नदीको बहाव क्षेत्रअन्तर्गतका अन्य जिल्लाका घर, भवन, सडक, पुल, जलविद्युत् संरचना तथा अन्य महत्वपूर्ण पूर्वाधारमा क्षति भएको छ।

नेपाल सरकारले खोज, उद्धार तथा राहतका लागि आफ्नो उपलब्ध सबै साधन तथा स्रोत परिचालन गरिरहेको जनाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल पूर्ण रूपमा परिचालित छन्। साथै विपद् व्यवस्थापनसम्बन्धी निकाय, प्रदेश तथा स्थानीय तह र अन्य सम्बन्धित निकाय पनि परिचालित छन्।

परराष्ट्र मन्त्रालयले खोज, उद्धार तथा राहत कार्यका लागि देशभित्र तथा छिमेकी मुलुक र अन्तरराष्ट्रिय साझेदारहरूसँग निरन्तर समन्वय गरिरहेको जनाएको छ। भारत, चीन तथा गणतन्त्र कोरियाबाट आएका सुरुङ उद्धार टोलीले नेपाली सेनासँग समन्वय गरी खोजी र उद्धार कार्य जारी राखेका छन्। छिमेकी मुलुक, मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय समुदायबाट प्राप्त उद्धार सहयोगका उपकरण, ड्रोन, लोड क्यारियर तथा अन्य सामग्रीहरू यी कार्यमा प्रयोग भइरहेका मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार अनुरोध गरिएका विशिष्टताअनुसार नौ वटा उच्च क्षमताका ड्रोनसहित ११ सदस्यीय विशेष मलेसियाली विपद् सहायता तथा उद्धार टोली शनिबार नेपाल आइपुगेको छ। हालसम्म १३ हजार १०४ जनाको उद्धार गरिएकामा ३०० भन्दाबढी विदेशी नागरिक रहेका मन्त्रालयको पछिल्लो विवरणमा उल्लेख छ। अझै पनि अनुमानित हजार मानिस बेपत्ता रहेका छन्। त्यसमा ३५ देशका अनुमानित ६०० जना विदेशी नागरिक रहेका परराष्ट्र मन्त्रालयले जनाएको छ।

बाढी प्रभावित क्षेत्रबाट हालसम्म एक हजार ३४१ वटा शव फेला पारिएको छ। प्रभावित क्षेत्रमा सडक, विद्युत् तथा दूरसञ्चार सम्पर्क पुनःस्थापना गर्न तथा प्रभावित जनतासम्म राहत सामग्री समयमा पुर्याउन सम्बन्धित निकायहरूले सक्रिय रूपमा काम गरिरहेका छन्। अन्तरराष्ट्रिय समुदाय, साझेदार तथा व्यक्तिबाट प्राप्त थप सामग्री तथा सहयोग प्रभावकारी रूपमा परिचालन भइरहेको मन्त्रालयले आज जारी गरेको विवरणमा उल्लेख छ।

यसैगरी, नेपाली सेना तथा इन्जिनियरको टोलीले तादी नदीमाथि अस्थायी पुल निर्माण गरी गल्छी–त्रिशूली सडक पुनःस्थापना गर्ने काम गरिरहेका छन्। यसका अतिरिक्त त्रिशूली इन्द्रेणीघाट र देवीघाटमा एक–एक गरी दुई वटा तुइन सञ्चालनमा ल्याइसकेको छ।

द्रुत क्षति तथा आवश्यकता मूल्याङ्कन (आरडिएनए) अन्तर्गत गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार करिब सात हजार ५७० घरधुरीका ३२ हजार ९३३ जना प्रभावित भएका छन्। त्यस्तै ४८ सरकारी कार्यालय प्रभावित भएका, ५५ किलोमिटर सडक, ३७ वटा मोटरेबल पुल तथा ६८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको विवरणमा उल्लेख छ।

साथै, करिब एक ८०६ हेक्टर कृषि भूमि, १३ वटा जलविद्युत् आयोजना, एउटा सौर्य ऊर्जा प्लान्ट तथा दुई वटा प्रसारण लाइनमा क्षति पुगेको छ। उक्त मूल्याङ्कनले ७८३ मेगावाट जलविद्युत् उत्पादन क्षमता प्रभावित भएको जनाएको छ। यस विपद्बाट भएको क्षतिको परिमाण तथा विस्तारलाई ध्यानमा राख्दै सम्पूर्ण क्षति तथा नोक्सानी र पुनर्निर्माण तथा पुनःस्थापनाका लागि आवश्यक लागत निर्धारण गर्न विपद्पश्चात आवश्यकता मूल्याङ्कन (पिडिएनए) पनि एकैसाथ सञ्चालन भइरहेको छ।

यसैगरी, आवश्यक फरेन्सिक प्रक्रिया पूरा गरेपछि बरामद शवको अस्थायी व्यवस्थापन गर्न सम्बन्धित निकायहरूले सुरु गरेका छन्। पछि पहिचान गरी मृतकका परिवारलाई अन्तिम संस्कारका लागि शव हस्तान्तरण गर्न सहज हुनेछ। बेपत्ता व्यक्तिका निकटतम परिवारजनलाई महाराजगञ्ज काठमाडौँस्थित नेपाल प्रहरी अस्पताल वा नेपालस्थित नजिकको जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

विदेशमा रहेका परिवारजनले आफू बसोबास गर्ने देशमा आफ्नो डिएनए नमूना सङ्कलनमार्फत रिपोर्ट तयार गरी पठाउन सक्ने मन्त्रालयको विवरणमा जनाइएको छ। भारत, चीन, जापान, सिङ्गापुर तथा गणतन्त्र कोरियाका फरेन्सिक टोलीले नेपाल प्रहरी तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी डिएनए सङ्कलन, विश्लेषण तथा मृतकका अवशेषको पहिचानसम्बन्धी कार्यलाई तीव्रता दिन परिचालित भएका छन्।

मन्त्रालयले कूटनीतिक नियोगका प्रतिनिधिहरूका लागि ‘ब्रिफिङ’ तथा स्वदेशी र अन्तरराष्ट्रिय सञ्चारमाध्यमका लागि ‘प्रेस ब्रिफिङ’ आयोजना गरी जारी खोज, उद्धार तथा राहत कार्य तथा विदेशी सहयोगसम्बन्धी जानकारी उपलब्ध गराउँदै आएको छ।

हालसम्म मन्त्रालयले सम्बन्धित देश तथा निकायहरू तथा नेपाल सरकारका सम्बन्धित अधिकारीसँग समन्वय गरी मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय संस्थाहरूबाट बाढी राहत सामग्री तथा उद्धार टोली बोकेर आएका २६ वटा उडानको अनुमति तथा सहजीकरण गरेको छ।

बाढीबाट प्रभावित भई नेपाल फर्कन चाहने नेपाली नागरिकलाई सुरक्षित रूपमा स्वदेश फर्काउन मन्त्रालय तथा चीनस्थित नेपाली नियोगले चिनियाँ अधिकारीसँग समन्वय गरिरहेका छन्। शनिबारसम्म तातोपानी नाका हुँदै कुल ४३१ जना नेपाली नागरिक नेपाल फर्किएका छन्। सोही नाकाबाट आज थप १०५ जना नेपाली नागरिक स्वदेश फर्कने परराष्ट्र मन्त्रालयले अपेक्षा गरेको छ।

मन्त्रालयले विदेशी नागरिकको खोज तथा उद्धारमा समन्वय तथा सहयोग गर्न उपशिष्टाचार प्रमुख प्रेमराज गौतमलाई प्रभावित क्षेत्रमा रहेको अपरेसन सेन्टरमा परिचालन गरेको छ।

बहुआयामिक चुनौतीका सामु कर्तव्यपथमा जुट्दैछ नेपाल प्रहरी

राष्ट्रिय समाचार समिति
काठमाडौँ।

भोटोकोशी बाढीका कारण सिर्जित चुनौतीसँग जुध्न सीमित साधनस्रोतका बाबजुद सम्पूर्ण संयन्त्र प्रयोग गरी प्राप्त जिम्मेवारीलाई पूरा गर्न नेपाल प्रहरी निरन्तर लागि परिरहेको छ।

रसुवास्थित नेपाल–चीन सीमाबाट बाढी प्रवेश गरेलगत्तै सूचना सङ्कलन एवम् विश्लेषण, आवश्यक रणनीति अवलम्बन, उपलब्ध साधनस्रोत, दक्ष जनशक्ति एवम् प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी तटीय क्षेत्रसम्म प्रहरी अहोरात्र खटिइरहेको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार भोटेकोशी विपद्को व्यवस्थापनमा सात हजार ९१२ प्रहरी परिचालन भएका छन्। प्रहरीको पछिल्लो तथ्याङ्कअनुसार बाढी प्रभावित क्षेत्रबाट छ हजार ८५३ जनाको उद्धार गरिएको छ। हालसम्म पाँच हजार १५ जना बेपत्ता छन्।

खोज उद्धारमा कुकुर र ‘ड्रोन क्यामेरा’

प्रहरीले बाढीमा परी हराइरहेकाको खोज तथा उद्धारका लागि विशेष टोली नै परिचालित गरेको छ। केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले भन्छन्, ‘हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा ‘विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र’ गठन गरी चौबिसै घण्टा अनुगमन भइरहेको छ।’

उक्त केन्द्रमा सम्पर्कविहीन आफन्तको खोज तथा उद्धारका लागि आफन्तका परिवारको फोन आउने गरेको र सोही विवरणअनुसार खोजीका लागि सम्बन्धित प्रहरी युनिटमा जनाकारी गराउँदै आइरहेको उनी सुनाउँछन्।

हालसम्म एक हजार ३५१ पटक केन्द्रमा आफन्तको खोज र उद्धारका लागि अनुरोध प्राप्त भएको छ।

प्रभावित क्षेत्रमा केनाइन (तालिम प्राप्त कुकुर) तथा जटिल भौतिक संरचनामा ड्रोनको प्रयोग गरी खोजी जारी छ। ड्रोन क्यामेराको सहयोगमा केही दिनअघि नुवाकोटको विदुर नगरपालिका–१० बेत्रावतीस्थित एउटै घरबाट २४ वटा शव फेला पारिएको थियो।

यसैगरी, यहाँस्थित विभिन्न देशका दूतावास, कूटनीतिक नियोगका साथै अन्य विदेशी संस्थालाई मृतक तथा बेपत्ता विदेशी नागरिकका बारेमा सूचना आदनप्रदानका लागि प्रहरी प्रधान कार्यालय र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ‘मिसिङ हेल्प डेस्क’ सञ्चालनमा ल्याइएको छ।

वैज्ञानिक शव व्यवस्थापन र ‘डिएनए प्रोफाइलिङ’

प्रभावित क्षेत्रमा उद्धार र खोजी अभियानसँगै पहिचान हुन नसकेका शव र मानव अङ्गको व्यवस्थापन ‘फोरेन्सिक’ विशेषज्ञको सहयोगमा जारी छ।

प्रहरी प्रवक्ता काफ्ले सङ्कलित शव बढ्दै गइरहेको र त्यसबाट सङ्क्रमण तथा महामारी फैलिन सक्ने जोखिम देखिएकाले शवको व्यवस्थापनमा वैज्ञानिक विधि अवलम्बन गरिएको बताउँछन्।

बाढीपछि हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अङ्ग यकिन गर्न सक्ने प्रक्रियाका लागि महाराजगन्जस्थित नेपाल प्रहरी अस्पतालमा ‘डिएनए प्रोफाइलिङ’को काम भइरहेको छ।

आपराधिक घटनाप्रति कडा निगरानी

विपद्को मौका छोपी हुनसक्ने आपराधिक घटनाप्रति प्रहरीले कडा निगरानी बढाएको छ। विस्थापितका खाली घरको सुरक्षा तथा विपद्को नाममा हुनसक्ने अपराध र गलत सूचना नियन्त्रणमा समेत प्रहरी निरन्तर लागि परेको छ।

सुरक्षाकर्मी खोज तथा उद्धारमा व्यस्त रहेको मौका छोपी लुटपाट, चोरी गर्ने जस्ता आपराधिक गतिविधिलाई नियन्त्रण गर्न गस्ती एवं निगरानीलाई बढाइएको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए।

विपद्को समयमा राहत सङ्कलनका नाममा हुन सक्ने ठगी नियन्त्रण गर्न प्रहरी सक्रिय रहेको उनको भनाइ छ। ‘सामाजिक सञ्जालमार्फत प्रवाह भएका गलत सूचना, अफवाह, भ्रामक समाचारलगायत सामग्रीप्रति पनि निगरानी बढाइएको छ‘ प्रवक्ता काफ्लेले भने, ‘विपद्को समयमा गलत सूचना फैलाएर नागरिकमा भ्रम सिर्जना गर्ने वा राहत तथा उद्धारमा अवरोध पु-याउनेलाई कानुनी दायरामा ल्याइनेछ।’

स्वास्थ्य उपचार, राहत र सचेतना अभिवृद्धि

बाढी प्रभावित क्षेत्रमा घाइते भएका व्यक्तिको स्वास्थ उपचारमा समेत प्रहरी अग्रसर छ। नेपाल प्रहरी अस्पतालबाट खटिएको विशेषज्ञ चिकित्सक टोली सुरुआती दिनदेखि नै घाइतेको स्वास्थ्य उपचारमा निरन्तर लागि परेका छन्।

घाइतेलाई सामान्य अवस्थामा ल्याउन र विनाशकारी बाढीको कारण उत्पन्न हुन सक्ने मानसिक तनावलाई न्यूनीकरण गर्न प्रहरी अस्पतालको विशेषज्ञ टोली क्रियाशील रहेका छन्।

पछिल्लो तथ्याङ्क अनुसार प्रहरीले बाढी प्रभावित क्षेत्रमा कुल ९२ वटा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ। सचेतना कार्यक्रमहरूमा ४१ हजार २५७ जना सहभागी भएका छन्।

विपद् प्रभावित रसुवा, नुवोकोट र धादिङका ‘होल्डिङ सेन्टर’मा महिला तथा बालबालिकाविरूद्ध दुर्व्यवहार र हिंसालगायत घटना हुन नदिन महिला प्रहरी परिचालित गरिएको छ। उनीहरूले महिला तथा बालबालिकासँग सम्बन्धित समस्या एवम् गुनासाहरू सम्बोधन गर्दै आवश्यक मनोपरामर्श पनि प्रदान गर्दै आइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

विस्थापितको दैनिकी सहज बनाउने प्रयास जारी

प्रहरीले स्थानीय तह र अन्य सुरक्षा निकायसँग समन्वय गरी बाढी प्रभावित क्षेत्रका नागरिकको दैनिकीलाई सहज बनाउन सहजीकरण गरिरहेको छ। बाढीले हिल्लाम्मे भएका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, विस्थापित नागरिकका घरमा सरसफाइ तथा मर्मतसम्भारमा प्रहरी टोली जुटेको देखिन्छ।

प्रहरीले बाढीका कारण विभिन्न ठाउँमा अवरोध भएका सडकको समयमै सूचना प्रवाह गर्ने र वैकल्पिक मार्गहरूको सूचना प्रवाह गरी यात्रुलाई सहजीकरण गरिरहेको प्रवक्ता काफ्ले बताउँछन्।

पीडा भुलाउँदै नागरिकको दुःखमा सँगै प्रहरी

प्रहरी नायब महानिरीक्षक काफ्लेले जस्तोसुकै परिस्थितिमा पनि नागरिकको साथमा रहेर प्रहरी आफ्नो कर्तव्यपथमा अडिग रहेको बताउँछन्। ‘आफ्नो दुःख–पीडा भुलाउँदै नागरिकलाई नै सर्वोपरि मानेर उनीहरूको हरेक दुःखमा साथ दिँदै प्रहरी अघि बढिरहेको छ,’ उनी भन्छन्।

यसपटकको बाढीबाट प्रहरी सङ्गठनले पनि भौतिकसँगै मावनीय क्षति व्यहोरेको छ। बाढीको सूचनासँगै नागरिकको जीउधनको सुरक्षामा खटिइएका २५ जना नेपाल प्रहरी अहिलेसम्म सम्पर्कविहीन छन्।

नायब महानिरीक्षक एवं प्रवक्ता काफ्ले बाढी प्रभावित क्षेत्रमा ठूलो मात्रामा थुप्रिएको हिलो, माटो, ढुङ्गा एवम् पुनः बाढीको जोखिमका बीच नागरिकको दैनिक जीवनयापनलाई सहजीकरण गर्न मातहतका जनशक्ति अहोरात्र खटिरहेको स्मरण गर्छन्।

‘प्रभावित क्षेत्रमा खोज तथा उद्धार, सम्पर्कविहीनको खोजी, शव व्यवस्थापन, राहत वितरण, आपराधिक गतिविधि नियन्त्रण र विस्थापितको जीउधनको सुरक्षालगायत बहुआयामिक चुनौतीको सामना गर्दै आफ्नो कर्तव्य पूरा गर्न नेपाल प्रहरी अग्रसर छ,’ उनले भने।

सञ्चार क्षेत्रका समस्या बुझ्न

सिरहा र सप्तरी पुगे काउन्सिल र प्राधिकरण

मधेशदृष्टि
जनकपुरधाम।

मधेश प्रदेशको सञ्चार क्षेत्रमा देखिएका समस्या र चुनौती पहिचान गर्दै आगामी कार्यदिशा तय गर्न मिडिया काउन्सिल मधेश प्रदेश र आमसञ्चार प्राधिकरणको टोलीले सिरहा र सप्तरीका सञ्चारकर्मीसँग छलफल गरेको छ । सञ्चारमाध्यमको अवस्था, पत्रकारले भोगिरहेका समस्या तथा जिल्लास्तरमा देखिएका चुनौतीबारे प्रत्यक्ष जानकारी लिन टोलीले दुवै जिल्लाका पत्रकारसँग अन्तरक्रिया गरेको हो । छलफलबाट प्राप्त सुझावका आधारमा आगामी दिनमा आवश्यक समन्वय र सहकार्य अघि बढाउने उद्देश्य रहेको जनाइएको छ।

सिरहामा आयोजित कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले प्रदेशको सञ्चार क्षेत्रलाई व्यवस्थित र व्यावसायिक बनाउन सञ्चारमाध्यम तथा पत्रकारसँग निरन्तर संवाद आवश्यक रहेको बताए। जिल्लाबाट उठेका समस्या र सुझावलाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रयास गरिने उल्लेख गर्दै खड्गाले सञ्चार क्षेत्रको विकासमा सम्बन्धित निकायबीच सहकार्य बढाउनुपर्नेमा जोड दिए। छलफलमा मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झा, आमसञ्चार प्राधिकरणका सदस्य ज्योति झासहितको टोली सहभागी थियो।

सिरहाका सञ्चारकर्मीले पत्रकारिताको आचारसंहिता कार्यान्वयन, पत्रकारको पहिचान, संस्थागत सुरक्षा र राजनीतिक प्रभावलगायतका विषयमा नियमनकारी निकायको ध्यानाकर्षण गराएका छन् । सञ्चारकर्मी अनिरूद्ध ठाकुरले जिल्लामा वास्तविक पत्रकार र पत्रकारिताको आवरणमा गतिविधि गर्ने व्यक्तिबीच फरक छुट्याउन कठिन भइरहेको बताए। अनलाइन तथा पत्रपत्रिका सञ्चालनको नाममा पत्रकारिताको आवरणमा गलत गतिविधि हुने गरेको भन्दै उनले नियमन र अनुगमन प्रभावकारी बनाउनुपर्ने धारणा राखे।

“को पत्रकार हो भन्नै गाह्रो छ । आचारसंहिताको कुरा हुन्छ । तर लागू भएको देखिँदैन । नामधारी बन्न पनि अनलाइन, पेपर खोल्छ र लुट्छ,” ठाकुरले भने।

मिडिया काउन्सिलले अनुगमनलाई प्रभावकारी बनाउनुका साथै जिल्लास्तरमै नियमित बैठक तथा अन्तरक्रियामार्फत सञ्चारकर्मीसँग प्रत्यक्ष सम्पर्क बढाउनुपर्ने उनले बताए । राजनीतिक स्वार्थका लागि केही नेताले पत्रकारलाई प्रयोग गर्ने प्रवृत्तिसमेत बढेको उनको आरोप थियो । सिरहाका अर्का सञ्चारकर्मी नरेश बरबरियाले जिल्लामा पत्रकारका लागि आवश्यक कार्यालय तथा पूर्वाधारको अभाव रहेको बताए। फिल्डमा दिनभर खटिएर समाचार संकलन गर्ने पत्रकारले फर्किएपछि समाचार लेख्ने तथा सम्पादन गर्ने उपयुक्त स्थानसमेत नपाउने अवस्था रहेको उनको भनाइ छ।

“सिरहाको ठूलो विडम्बना हो, पत्रकारको आफ्नै घर छैन । कार्यालय व्यवस्थापन हुनुपर्छ । हामी यहाँ पुस्तकालयमा बस्नुपर्ने बाध्यतामा छौँ,” बरबरियाले भने। पत्रकारिता क्रमशः दिशाहीन बन्दै गएको भन्दै उनले वास्तविक पत्रकारलाई टिकाउन, उनीहरूको पहिचान गर्न र व्यावसायिक रूपमा स्थापित गराउन नियमनकारी निकायले ठोस पहल गर्नुपर्ने बताए।

सप्तरीमा भएको अन्तरक्रियामा सञ्चारमाध्यमको आर्थिक अवस्था र पत्रकारको व्यावसायिक सुरक्षाको विषय प्रमुख रूपमा उठेको छ। सञ्चारकर्मी सुधा देवले जिल्लाका सञ्चारमाध्यम र पत्रकारको आर्थिक अवस्था कमजोर बन्दै गएको बताइन् । पत्रकारहरू विभिन्न माध्यमबाट स्वरोजगार सिर्जना गर्दै पेशामा टिकिरहे पनि पर्याप्त विज्ञापन नहुँदा सञ्चारमाध्यम सञ्चालनमा समस्या भइरहेको उनको भनाइ छ।

“पत्रकार जसरी पनि आफ्नै स्वरोजगार गरेर बाँचिरहेका छन् । सप्तरीमा त्यस्तो उद्योग वा संस्था छैन, जसबाट विज्ञापनमार्फत पत्रकारले कमाउन सकून्,” देवले भनिन् । सरकारले विगतमा सञ्चारमाध्यमलाई समेत साथ लिएर अघि बढ्ने प्रयास गरे पनि पछिल्लो समय सञ्चार क्षेत्रप्रतिको सरकारी दृष्टिकोण अपेक्षाकृत सकारात्मक नरहेको उनले गुनासो गरिन्। आर्थिक समस्या बढ्दै गए सञ्चारमाध्यम र पत्रकार विस्थापित हुने अवस्था आउन सक्ने भन्दै उनले पत्रकारका लागि जीवन बीमालगायत सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न माग गरिन्। संघीयता स्थापनाका लागि पत्रकारले खेलेको भूमिकालाई स्मरण गर्दै उनले सञ्चार क्षेत्रलाई आवश्यक सहयोग गर्न बजेट अभाव भए पत्रकारसमेत सहकार्यका लागि तयार रहेको बताइन् । सप्तरीका अन्य सञ्चारकर्मीले पत्रकारिताभित्र बढ्दै गएको विभाजन र आपसी असहयोगलाई पनि प्रमुख चुनौतीका रूपमा औंल्याएका छन् । पत्रकारिता क्षेत्रबाटै विभिन्न राजनीतिक तथा सार्वजनिक जिम्मेवारीमा पुगेका व्यक्ति, सभासद् र मन्त्रीहरूले समेत सञ्चारकर्मीले भोगिरहेका वास्तविक समस्या बुझ्न नसकेको उनीहरूको गुनासो थियो।

छलफलमा सहभागी सञ्चारकर्मीले पत्रकारको व्यावसायिक सुरक्षा, आचारसंहिताको प्रभावकारी कार्यान्वयन, संस्थागत पूर्वाधार, सामाजिक सुरक्षा तथा सञ्चारमाध्यमको आर्थिक स्थायित्वका विषयमा नियमनकारी निकायले स्पष्ट कार्ययोजना बनाउनुपर्नेमा जोड दिएका छन् । सिरहा र सप्तरीबाट प्राप्त सुझाव तथा समस्यालाई आधार बनाएर प्रदेशको सञ्चार क्षेत्रलाई थप व्यवस्थित, जिम्मेवार र व्यावसायिक बनाउन आगामी दिनमा आवश्यक पहल गरिने मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणले जनाएको छ।

बाढी प्रभावितहरुको उपचारमा सहयोगार्थ रक्तदान कार्यक्रम

मधेशदृष्टि
वीरगंज।

रसुवा जिल्लामा हालै आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकहरूको उपचारमा आवश्यक रक्त सहयोग उपलब्ध गराउने उद्देश्यले वीरगंजस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा विशेष रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

रोटर्याक्ट क्लब अफ नेशनल मेडिकल कलेजको आयोजनामा तथा नेशनल मेडिकल कलेज ब्लड बैंकको सहकार्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो । नेशनल मेडिकल कलेज परिसरस्थित पार्किङ क्षेत्रमा बिहान १० बजेदेखि दिउँसो १२ बजेसम्म सञ्चालन गरिएको रक्तदान अभियानबाट कुल ६८ पिन्ट रगत सङ्कलन गरिएको आयोजकले जनाएको छ।

आयोजकका अनुसार विपद्को समयमा आवश्यक पर्ने रक्त अभाव न्यूनीकरण गर्दै प्रभावित नागरिकहरूको जीवन रक्षा प्रयासमा सहयोग पुऱ्याउने लक्ष्यसहित अभियान आयोजना गरिएको हो । अभियानमा चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, कर्मचारी, विद्यार्थी, स्वयंसेवक तथा विभिन्न क्षेत्रका सहभागीहरूले उत्साहपूर्वक रक्तदान गरेका थिए। सङ्कलित प्रत्येक युनिट रगतले विपद्बाट प्रभावित तथा उपचाररत बिरामीहरूको जीवन बचाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास पनि आयोजक पक्षले व्यक्त गरेको छ।

कार्यक्रममा नेशनल मेडिकल कलेजका अध्यक्ष प्रा. डा. जैनुद्दिन अन्सारी, प्रबन्ध निर्देशक शाहनवाज अन्सारी, एडमिशन अफेयर्स तथा मार्केटिङ डाइरेक्टर आबिद हुसेन अन्सारी, अस्पताल निर्देशक डा. ईशरत जहान, प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी, प्रमुख वित्तीय अधिकृत, मार्केटिङ म्यानेजर तथा प्रशासन विभागका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता:

सिनियरतर्फ पाँच विद्यालय फाइनलमा प्रवेश

मधेशदृष्टि
वीरगंज।

प्याब्सन वीरगंजको आयोजनामा सञ्चालन भइरहेको अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगिता ‘प्याब्सन स्मार्ट माइन्ड्स २०८३’ को सिनियरतर्फ पाँच विद्यालय फाइनलमा प्रवेश गरेका छन् । क्वालिफिकेशन राउन्डबाट ग्रुप ‘ए’ बाट गोल्डेन फ्युचर सेकेन्डरी स्कुल, ग्रुप ‘बी’ बाट मास्कट एकेडेमी, ग्रुप ‘सी’ बाट साउथ जोन सेकेन्डरी स्कुल, ग्रुप ‘डी’ बाट रोयल एकेडेमी र ग्रुप ‘ई’ बाट ज्ञान ज्योति माध्यमिक विद्यालय फाइनलका लागि छनोट भएका हुन्।

क्वालिफिकेशन राउन्डमा पाँच समूहमा गरी ३१ विद्यालय सहभागी थिए। ग्रुप ‘बी’ मा सात तथा अन्य चार समूहमा छ–छ विद्यालयले प्रतिस्पर्धा गरेका थिए। तीमध्ये प्रत्येक समूहबाट उत्कृष्ट प्रदर्शन गर्दै पाँच विद्यालयले फाइनलमा स्थान सुरक्षित गरेका हुन् । प्रतियोगिताको सिनियरतर्फको फाइनल भदौ २३ गते बिहान १० बजे डिएभी स्कुलमा हुने प्रतियोगिताका संयोजक तथा प्याब्सन वीरगंजका सचिव अमित आलोकले जानकारी दिए । फाइनलमा पाँच विद्यालयबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। यसअघि वीरगंजको ज्योतिनगरस्थित लिटल एन्जल्स स्कूलमा आयोजित क्वालिफिकेशन राउन्डको औपचारिक उद्घाटन कार्यक्रम भएको थियो । उद्घाटन कार्यक्रमको अध्यक्षता प्याब्सन पर्साका अध्यक्ष सरोज प्रसाद चौधरी र प्याब्सन वीरगञ्जका अध्यक्ष राहुल श्रीवास्तवले गरेका थिए । दुवै अध्यक्षले गमलामा पानी हालेर प्रतियोगिताको क्वालिफिकेशन राउन्डको औपचारिक उद्घाटन गरेका थिए।

कार्यक्रमको सहजीकरण प्याब्सन पर्साका सचिव अशोक सङ्ग्रौलाले गरेका थिए । कार्यक्रममा प्याब्सन वीरगंजका नगर सदस्य विजय बल, सुमित कलवार, प्रेस कोर्डिनेटर दिपु वर्णवाल, लिटल एन्जल्स स्कूलका प्रधानाध्यापक सन्नी पाख्रिन, विद्या सदन माध्यमिक विद्यालयका प्रधानाध्यापक लाल बहादुर गुरुङलगायतको उपस्थिति थियो। प्रतियोगिताले विद्यार्थीमा ज्ञान, तर्कशक्ति, तत्काल निर्णय क्षमता तथा प्रतिस्पर्धात्मक भावनाको विकास गर्ने आयोजकले जनाएको छ।

क्यासिनोमा इन्स्पेक्टरदेखि गाउँपालिका...

हुनसक्ने प्रहरी स्रोतको भनाइ छ। क्यासिनोमा प्रवेश गर्ने व्यक्तिको विवरण, उनीहरूको गतिविधि तथा प्रहरी टोली पुग्नुअघिको घटनाक्रमसमेत त्यसबाट खुल्न सक्ने सम्भावना छ।

- **‘उत्कृष्ट प्रहरी’ पुरस्कार पाएका इन्स्पेक्टर नै क्यासिनोमा**

यस घटनामा प्रहरी निरीक्षक प्रदीप पौडेल पक्राउ पर्नु आफैंमा असामान्य विषय बनेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार पौडेलले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उत्कृष्ट काम गरेको भन्दै प्रदेश प्रहरीबाट नगदसहित पुरस्कारसमेत पाएका थिए । तर, अहिले उनै प्रहरी निरीक्षक क्यासिनोमा जुवा खेलेको आरोपमा पक्राउ परेका छन्।

प्रहरीका अनुसार पौडेल ड्युटीमा नरहेको समयमा गाउँपालिका अध्यक्ष यादव तथा केही स्थानीय व्यवसायीसहित क्यासिनो पुगेका थिए । क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाइरहेको सूचना पाएपछि प्रहरीले कारबाही गर्दा उनी पनि त्यहीँ भेटिएको बताइएको छ।

यो घटनाले प्रहरी संगठनभित्र कार्यरत अधिकारीको आचरण, जिम्मेवारी र कानुन कार्यान्वयनमा उनीहरूको भूमिकामाथि समेत प्रश्न उठाएको छ । अझ प्रहरीकै एक अधिकारी क्यासिनोमा जुवा खेलिरहेको आरोपमा पक्राउ पर्नुले सामान्य नागरिकमाथि कानुन कार्यान्वयन गर्ने निकायका सदस्य आफैंले कानुन उल्लंघन गरेको अवस्था हो कि होइन भन्ने विषय अनुसन्धानको केन्द्रमा पुगेको छ।

- **वर्षौंदेखिको गुनासोपछि पर्सा प्रहरीको कारबाही**

वीरगंजमा सञ्चालित क्यासिनोमा नेपाली नागरिकको प्रवेश र जुवाका कारण सर्वसाधारण प्रभावित भइरहेको गुनासो लामो समयदेखि उठ्दै आएको थियो । क्यासिनोमा नेपाली नागरिक प्रवेश गर्न नपाउने व्यवस्था भएपनि व्यवहारमा ठूलो संख्यामा नेपालीहरू प्रवेश गर्ने गरेको आरोप बारम्बार लाग्दै आएको छ।

स्थानीयस्तरमा उठ्ने गरेको गुनासोअनुसार क्यासिनोमा आर्थिक रूपमा सक्षम व्यक्ति, व्यवसायी, राजनीतिक पहुँच भएका व्यक्ति तथा विभिन्न क्षेत्रका प्रभावशाली व्यक्तिहरू पुग्ने गरेका छन् । जुवामा ठूलो रकम गुमाएर आर्थिक संकटमा परेको, परिवारमा विवाद बढेको र कतिपय व्यक्ति घरजग्गासमेत गुमाउने अवस्थामा पुगेको दाबीसमेत सुनिँदै आएको छ । यद्यपि यस्ता दाबीको आधिकारिक तथ्यांक सार्वजनिक नभए पनि क्यासिनोमा नेपाली नागरिकको प्रवेशसम्बन्धी प्रश्न भने पटक–पटक उठ्दै आएको छ।

यसपटक पर्सा प्रहरीले गरेको कारबाहीले भने ‘कानुनभन्दा माथि कोही छैन’ भन्ने सन्देश दिन खोजेको देखिन्छ । जनप्रतिनिधि, प्रहरी अधिकारी वा अन्य प्रभावशाली व्यक्ति जोसुकै भएपनि अनुसन्धानको दायरामा ल्याउन सकिने प्रहरीको कदमका रूपमा यसलाई हेरिएको छ।

- **अरू दुई पालिका अध्यक्ष पनि क्यासिनोमा थिए ?**

घटनासँगै अर्को गम्भीर दाबी पनि बाहिर आएको छ । क्यासिनो स्रोतको दाबीअनुसार कारबाहीका क्रममा सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यादवबाहेक पर्साका अन्य दुई स्थानीय तहका अध्यक्षसमेत क्यासिनोमा उपस्थित थिए। प्रहरी टोली क्यासिनोमा पुगेपछि उनीहरूमध्ये एकजना शौचालयबाट भागेको र अर्का एकजना पहिल्यै शौचालयमा बसेको अवस्थामा रहेको दाबी गरिएको छ । क्यासिनो स्रोतले तीमध्ये एक जनाले शौचालयमै गाँजा सेवन गरिरहेकोसमेत दाबी गरेको छ।

- **‘ठूला’ व्यक्तिमाथि कारबाहीको सन्देश**

वीरगंजका क्यासिनोमा सामान्य नागरिक प्रवेश गर्दा हुने कानुनी जोखिम र प्रभावशाली व्यक्ति प्रवेश गर्दा हुने व्यवहारबीच फरक छ कि छैन भन्ने प्रश्न पनि अब उठेको छ। लामो समयदेखि पहुँच र प्रभावका आधारमा केही व्यक्ति क्यासिनोमा निर्बाध प्रवेश गर्ने गरेको आरोप लाग्दै आएको थियो। तर यसपटक गाउँपालिका अध्यक्षदेखि कार्यरत प्रहरी निरीक्षकसम्म पक्राउ पर्नुले पर्सा प्रहरीले कम्तीमा यो विषयमा दबाब र पहुँचभन्दा बाहिर गएर कारबाही गर्न खोजेको संकेत दिएको छ।

जिल्ला प्रहरी प्रमुख पवनकुमार भट्टराई स्वयं क्यासिनोमा पुगेर कारबाही अघि बढाएको विवरणले पनि घटनालाई थप महत्व दिएको छ । सामाजिक सञ्जालमा समेत पर्सा प्रहरीको कदमको प्रशंसा भइरहेको बताइएको छ।

तर कारबाहीको वास्तविक मूल्यांकन भने पक्राउमा मात्र सीमित हुनुहुँदैन । क्यासिनोमा नेपाली नागरिक कसरी प्रवेश गरिरहेका छन्, प्रवेश गराउने संयन्त्र कसरी सञ्चालन भइरहेको छ, त्यसमा कस–कसको भूमिका छ, सरकारी सवारीसाधन क्यासिनोमा किन पुग्यो, प्रहरी अधिकारी त्यहाँ कुन उद्देश्यले पुगे र लामो समयदेखि भइरहेको भनिएको यस्तो गतिविधिमाथि विगतमा किन प्रभावकारी कारबाही हुन सकेन भन्ने प्रश्नको जवाफ अनुसन्धानबाट आउन आवश्यक छ।

क्यासिनोबाट नियन्त्रणमा लिइएका हार्डडिक्स, कम्प्युटर, कागजात र सीसीटीभी फुटेजले यदि वास्तविकता बाहिर ल्याउन सके भने यो एउटा रातको छापा मात्र नभई वीरगंजका क्यासिनोमा चलिरहेको भनिएको पहुँच, संरक्षण र अवैध प्रवेशको संरचना उजागर गर्ने महत्वपूर्ण अनुसन्धान बन्न सक्छ। अहिले पक्राउ परेका आठै जनामाथि अनुसन्धान अघि बढाइएको छ । अनुसन्धानले आरोपको सत्यता, क्यासिनोमा उनीहरूको वास्तविक भूमिका र अन्य व्यक्तिको संलग्नतासमेत स्पष्ट पार्नेछ । वीरगंजका क्यासिनोमा नेपाली नागरिकको प्रवेशमाथि उठ्दै आएको प्रश्नको स्थायी समाधानका लागि भने एउटा क्यासिनोमा छापा पर्याप्त हुने छैन । नियम उल्लंघन गर्ने क्यासिनो सञ्चालकदेखि प्रवेश गराउने कर्मचारी, संरक्षण गर्ने व्यक्ति र नियम मिचेर प्रवेश गर्ने प्रभावशाली व्यक्तिसम्म सबैको भूमिका निष्पक्ष रूपमा छानबिन हुनुपर्ने देखिन्छ । यस घटनाले नेपालीलाई क्यासिनोमा प्रवेश निषेध गरिएको हो भने, वर्षौंदेखि उनीहरूलाई भित्र पुऱ्याउने ‘ढोका’ कसले खोलिरहेको थियो ?

नि:शुल्क सिलाइ कटाइ तालिम सम्पन्न

सिलाई कटाई तालिम
३० दिने नि:शुल्क तालिम

मधेशदृष्टि
जनकपुरधाम।

जनकपुरधाम उपमहानगरपालिका–१२ मा सञ्चालित ३० दिने निःशुल्क सिलाइ–कटाइ तालिम सम्पन्न भएको छ । कुपेश्वरनाथ सामुदायिक सिकाइ केन्द्रको आयोजनामा सञ्चालन गरिएको तालिममा २० जना सहभागी भएका थिए । स्थानीयलाई सीप प्रदान गरी स्वरोजगार तथा आयआर्जनका लागि सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको केन्द्रका अध्यक्ष बद्रिनारायण यादवले जनाए।

तालिममा सहभागीलाई सिलाइ–कटाइसम्बन्धी आधारभूतदेखि व्यावहारिक सीपसम्मको प्रशिक्षण दिइएको थियो । सहभागीहरूले तालिम अवधिमा कपडा काट्ने, सिलाउने तथा विभिन्न प्रकारका पोसाक तयार गर्नेलगायतका सीप सिकेका थिए । तालिममा सम्झना प्रशिक्षण केन्द्रकी अमृता सिंहले प्रशिक्षण दिएकी थिइन् । प्रशिक्षक सिंहले सहभागीलाई सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यासमा समेत जोड दिँदै सिलाइ–कटाइलाई व्यावसायिक रूपमा अघि बढाउन सकिने सीप प्रदान गरिएको बताइन्।

तालिम समापन कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले सीपमूलक तालिमले स्थानीयलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए। यसका साथै उनले केन्द्रलाई आर्थिक रुपमा कमजोर समुदायका व्यक्तिलाई आत्मनिर्भर तालिम संचालनका साथै कुनै पनि बालबालिका विद्यालय बाहिर नरहोस त्यस दिशामा काम गर्न आग्रह समेत गरे।

सहभागीहरूले तालिमबाट आफूहरूले व्यवहारिक सीप हासिल गरेको भन्दै आगामी दिनमा यसलाई आयआर्जनको माध्यमका रूपमा प्रयोग गर्ने बताएका छन्।

सामुदायिक सिकाइ केन्द्रले स्थानीय आवश्यकता र रुचिअनुसार सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्दै स्थानीयलाई आत्मनिर्भर बनाउने अभियानलाई निरन्तरता दिने जनाएको छ।

धनुषामा एक दिन शोक बिदा दिने

मधेशदृष्टि
जनकपुरधाम।

जनकपुरधाम उपमहानगरपालिका–१ स्थित मिसन सेकेन्ड्री स्कुलका सञ्चालक विक्रम मण्डलको निधनप्रति दुःख व्यक्त गर्दै उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) धनुषाले एक दिन शोक बिदा दिने भएको छ।

हिसान धनुषाले आइतबार जारी गरेको सूचनामार्फत मण्डलको असामयिक निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकमा रहेका परिवारजनप्रति समवेदना प्रकट गरेको छ । संघका अनुसार निजी विद्यालयका छाता संगठनहरूको निर्णयबमोजिम भदौ २२ गते सोमबार हिसान धनुषामा आबद्ध सबै विद्यालय तथा क्याम्पसमा पठनपाठन बन्द रहनेछ।

त्यसैगरी, नेपाल सरकारको निर्णयअनुसार भदौ २३ गते मंगलबार जेनजी शहीद दिवसका अवसरमा सार्वजनिक बिदा रहेकाले लगातार दुई दिन शैक्षिक संस्था बन्द हुने भएका छन् । हिसान धनुषाका अध्यक्ष संजीवकुमार ठाकुरद्वारा जारी सूचनामा भदौ २४ गते बुधबारदेखि विद्यालय तथा क्याम्पसमा नियमित रूपमा पठनपाठन सञ्चालन हुने उल्लेख छ।

खैरो हेरोइनसहित तीनजना पक्राउ

मधेशदृष्टि
हेटौडा।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका १५, नयाँबस्तीबाट लागूऔषध खैरो हेरोइनसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले पूर्व–पश्चिम सडकखण्डमा चुरियामाईतर्फबाट हेटौँडातर्फ जाँदै गरेको बा.प्र.०३–००३ प.७८१२ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्ने क्रममा उनिहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मोटरसाइकल चालक हेटौँडा उपमहानगरपालिका १२ बस्ने २४ वर्षीय अभिषेक भ्लोन तथा मोटरसाइकलमा सवार मनहरी गाउँपालिका–३, डोढे बस्ने २४ वर्षीय आशिष घलान र २७ वर्षीय बिमल सुनार रहेका छन । खानतलासीका क्रममा उनीहरूको साथबाट प्रतिबन्धित लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ ३८ ग्राम फेला पारेको र घटनाबारे थप अनुसन्धान भइरहेको छ।

कुल्लिया उम्मे कुल्सुम विद्यालयमा वृक्षारोपण

मधेशदृष्टि
वीरगंज।

वीरगंज महानगरपालिका–१४ बहुअरीस्थित कुल्लिया उम्मे कुल्सुम लिल्बनात माध्यमिक विद्यालय परिसरमा वृक्षारोपण गरिएको छ । लायन्स क्लब अफ वीरगंज गेटवेको आयोजनामा आइतबार विभिन्न प्रजातिका बिरुवा रोपिएको हो । लायन्स क्लब अफ वीरगंज गेटवेका अध्यक्ष प्रकाश उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स क्लबका एरिया चिफ सुनिल गुप्ता, विद्यालयका प्रधानाध्यापक साबिर अहमद एराज, क्लबका पदाधिकारी तथा सदस्यहरू, शिक्षक–शिक्षिका र विद्यार्थीहरूको सहभागिता रहेको थियो।

मधेशमा बढ्दो बालअपराधः

लागुऔषध र सामाजिक सञ्जालदेखि अभिभावकीय निगरानीको अभावसम्म

मधेशदृष्टि
जनकपुरधाम।

बाराको जितपुरसिमरा उपमहानगरपालिका–१ मा तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनामा नाबालककै संलग्नता खुलेपछि मधेशमा बालबालिकाको आपराधिक गतिविधितर्फ बढ्दो आकर्षणबारे फेरि बहस सुरु भएको छ । घटनामा संलग्न भनिएका एक बालकको चिकित्सकीय परामर्शका क्रममा रेकर्ड गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीले अर्को नाबालकलाई समेत पक्राउ गरेको थियो। घटनामा संलग्न भनिएका दुवै बालक १८ वर्षमुनिका छन्।

यो घटना मधेशमा नाबालकबाट हुने गम्भीर अपराधको एउटा पछिल्लो उदाहरण मात्रै हो । यसअघि पनि नाबालक तथा किशोरकिशोरी संलग्न यौन हिंसा र अन्य जघन्य अपराधका घटना सार्वजनिक हुँदै आएका छन्। सिरहामा २०८१ माघमा १७ वर्षीया बालिकालाई अपहरण गरी शरीर बन्धक बनाएर सामूहिक बलात्कार गरिएको घटना पनि त्यस्तैमध्ये एक हो। घटनामा एक १३ वर्षीय बालकसहित उनका दुई जना १८ वर्षीय साथी संलग्न रहेको आरोप लागेको थियो।

घटनालाई गाउँमै मिलाउने प्रयाससमेत गरिएको थियो । पञ्चायतीमार्फत मेलमिलाप गराइएको भोलिपल्ट पीडित बालिकाले आत्महत्या गरेपछि मात्रै घटना प्रहरीसम्म पुगेको थियो।

त्यस्तै, सिरहाकै मिर्चैया नगरपालिका–१ की १७ वर्षीया बालिकाको शव २०८२ मंसिरमा विद्यालय नजिकैको झाडीमा फेला परेको थियो। अर्धनग्न अवस्थामा भेटिएको शवमा चोटपटकसमेत देखिएको प्रहरीले जनाएको थियो । उक्त घटनामा संलग्न भनिएका व्यक्तिहरूले हालसम्म सजाय पाएका छैनन्। यी घटना प्रतिनिधि उदाहरण मात्रै हुन् । मानवअधिकारसम्बन्धी तथ्याङ्कले पनि मधेशमा बालबालिका र किशोरीमाथि हुने यौन हिंसाको अवस्था गम्भीर रहेको देखाउँछ । इन्सेक नेपालले प्रकाशित गरेको ‘मानवअधिकार वर्ष २०२६’ को विवरणअनुसार सन् २०२५ मा मधेश प्रदेशमा १०१ जना बालिका बलात्कारमा परेका थिए। तीमध्ये १७ जना सामूहिक बलात्कारका पीडित थिए। सोही अवधिमा दर्ता भएका ७३ वटा यौनजन्य हिंसाका घटनामा ५९ जना बालबालिका पीडित रहेको तथ्याङ्कले देखाउँछ।

मधेश प्रदेश प्रहरी कार्यालयको आर्थिक वर्ष २०८२÷०८३ देखि २०८३÷०८४ को साउनसम्मको विवरणले पनि बालबालिकामाथि हुने अपराधको अवस्था चिन्ताजनक रहेको देखाएको छ । आठवटै जिल्लामा बालबालिकासम्बन्धी २८९ वटा घटना तथा मुद्दा दर्ता भएका छन्।

प्रहरीका अनुसार तीमध्ये जबरजस्ती करणीका १९३, जबरजस्ती करणी उद्योगका २३, बालविवाहका २३, अप्राकृतिक मैथुनका पाँच, बाल यौन दुराचारका ३४, अपहरण गरी जबरजस्ती करणीका चार र विवाहसम्बन्धी कसुर तथा दाइजोसँग सम्बन्धित दुईवटा मुद्दा छन् । अप्राकृतिक मैथुनका पाँच घटनामा बालक पीडित रहेको प्रहरीले जनाएको छ।

- **लागुऔषध र सामाजिक सञ्जाल मुख्य चुनौती**

मधेशमा बालअपराध बढ्नुका पछाडि सामाजिक तथा पारिवारिक कारणसँगै लागुऔषधको पहुँच र सामाजिक सञ्जालको दुरुपयोग पनि प्रमुख कारणका रूपमा औंल्याइएको छ । भारतसँग जोडिएको मधेश प्रदेशका आठ जिल्लामा करिब ३६५ किलोमिटर खुला सीमा छ । सीमापारिका बजारमा लागुऔषध सहज रूपमा उपलब्ध हुने भएकाले यसको प्रभाव सीमावर्ती क्षेत्र हुँदै गाउँ तथा सहरसम्म फैलिएको सुरक्षा निकायको बुझाइ छ।

प्रहरीका अनुसार लागुऔषध प्रयोगकर्तामा १५ देखि २८ वर्ष उमेर समूहका युवा उल्लेख्य छन्। साथीको प्रभाव, जिज्ञासा, पारिवारिक विवाद तथा प्रेमसम्बन्धमा आउने समस्या जस्ता कारणले किशोरकिशोरी लागुऔषधको दुव्र्यसनमा फस्ने गरेको इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान बताउँछन् । उनका अनुसार बालबालिका संलग्न हुने कतिपय आपराधिक घटनामा पीडक स्वयं लागुऔषध प्रयोगकर्ता रहेको पाइएको छ । सामाजिक सञ्जालमा उपलब्ध हिंसात्मक तथा अश्लील सामग्रीले पनि बालबालिकाको व्यवहार र सोचमा नकारात्मक प्रभाव पार्न सक्ने उनको भनाइ छ।

पासवानका अनुसार अभिभावकले बालबालिकाको डिजिटल गतिविधिमाथि पर्याप्त निगरानी गर्न नसक्दा समस्या थप जटिल बन्दै गएको छ। लैंगिक समानता तथा बालअधिकारका क्षेत्रमा कार्यरत गुन्जा राय पनि बालबालिकामा बढ्दो एक्लोपन, लागुऔषधको प्रयोग र कमजोर सामाजिक सम्बन्धलाई अपराधसँग जोडेर हेर्छिन् । उनका अनुसार परिवारभित्रै बालबालिकासँग संवादको कमी हुनु, किशोरावस्थामा प्रेमसम्बन्ध र घरबाट भाग्ने प्रवृत्ति बढ्नु तथा गलत गतिविधि देख्दा पनि छिमेकी र समुदायले बेवास्ता गर्नुले समस्या थप गम्भीर बनाएको छ।

परिवारदेखि समुदायसम्म निगरानी आवश्यक

बालबालिकालाई हिंसा तथा अपराधबाट जोगाउने पहिलो जिम्मेवारी परिवार र अभिभावककै हुने बालअधिकारकर्मीहरूको भनाइ छ। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बालबालिका कहाँ जान्छन्, कसको संगतमा छन्, विद्यालयबाहेकको समय कसरी बिताउँछन् र अपरिचित व्यक्तिसँग उनीहरूको सम्पर्क कस्तो छ भन्ने विषयमा अभिभावक सचेत हुन आवश्यक छ।

उनका अनुसार अभिभावकको व्यस्तता र आर्थिक बाध्यताका कारण बालबालिकालाई पर्याप्त समय दिन नसक्दा पनि उनीहरू जोखिममा पर्न सक्छन् । बालबालिकालाई निगरानीमा राख्ने जिम्मेवारी परिवारसँगै समुदायको पनि भएको उनी बताउँछन्। स्थानीय तह तथा सामाजिक संघसंस्थाले समेत घरदैलो अभियानमार्फत अभिभावक र समुदायलाई बाल संरक्षणबारे सचेत बनाउनुपर्ने उनको भनाइ छ । घटना भएपछि मात्रै प्रहरीलाई जिम्मेवार बनाउने प्रवृत्तिले समस्या समाधान नहुने ढकाल बताउँछन्।

बर्दिवासस्थित बरडाडामा भाइरल ज्वरोको प्रकोप,

७५ प्रतिशत विद्यार्थी विद्यालयबाहिर

मधेशदृष्टि
महोत्तरी।

महोत्तरीको बर्दिबास नगरपालिका–५ बरडाडामा केही दिनयता बालबालिकामा भाइरल ज्वरोको समस्या बढेको छ । ज्वरोका कारण नेपाल राष्ट्रिय आधारभूत विद्यालयका करिब ७५ प्रतिशत विद्यार्थी विद्यालय जानबाट वञ्चित भएका छन्। विद्यालयका प्रधानाध्यापक बिल्टु यादवका अनुसार विद्यालयमा अध्ययनरत करिब ७५ विद्यार्थीसम्ममध्ये अहिले दैनिक २७ जनाको हाराहारीमा मात्रै उपस्थित हुने गरेका छन् । अधिकांश विद्यार्थी बिरामी परेपछि विद्यालयको नियमित पठनपाठनसमेत प्रभावित भएको छ।

बरडाडामा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको अभावका कारण बिरामी बालबालिकाले सामान्य उपचारसमेत सहज रूपमा पाउन सकेका छैनन्। स्थानीयका अनुसार गाउँमै सिटामोलजस्तो सामान्य औषधिसमेत उपलब्ध नहुने अवस्था छ । स्थानीय पन्चबहादुर गोलेका अनुसार विद्यालय नजिकै स्वास्थ्य संस्था सञ्चालन गर्ने उद्देश्यले ६–७ वर्षअघि नै भवन निर्माण गरिएको थियो । तर भवन तयार भएको लामो समय बितिसक्दा पनि स्वास्थ्यकर्मी नपठाइएकाले स्वास्थ्य केन्द्र सञ्चालनमा आउन सकेको छैन।

स्वास्थ्य केन्द्र सञ्चालनमा आए बरडाडासहित आसपासका करिब २५० घरधुरी प्रत्यक्ष लाभान्वित हुने स्थानीयको भनाइ छ।

गाउँमा उपचारको आवश्यकता परे स्थानीयले पाँच किलोमिटरभन्दा बढी दूरी तय गरेर टुटेश्वर वा बर्दिबास पुग्नुपर्ने बाध्यता छ । वर्षायाममा माण्डवी गङ्गा अर्थात् मरहा खोला उर्लिएपछि आवतजावतसमेत प्रभावित हुने भएकाले बिरामीलाई उपचारका लागि लैजान थप समस्या हुने गरेको स्थानीय बताउँछन्।

समस्या सार्वजनिक भएपछि बर्दिबास नगरपालिकाले भने तत्काल स्वास्थ्य टोली परिचालन गर्ने जनाएको छ । नगर प्रवक्ता विजयकुमार महतोले बरडाडामा स्वास्थ्य टोली पठाउने तयारी भइरहेको जानकारी दिएका छन्। नगरपालिकाले सो क्षेत्रमा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने तयारीसमेत अघि बढाएको जनाएको छ।

स्थानीयले भने स्वास्थ्य सेवासँगै सडक र आवश्यक स्थानमा पुल निर्माणलाई प्राथमिकता दिनुपर्ने माग गरेका छन् । सडक तथा पुलको समस्या समाधान भए स्वास्थ्य सेवा लिन र बालबालिकालाई विद्यालय पुर्‍याउन सहज हुने उनीहरूको भनाइ छ। भाइरल ज्वरोका कारण बालबालिका बिरामी भइरहँदा पनि गाउँमा स्वास्थ्यकर्मी, उपचार र सामान्य औषधिसमेत सहज रूपमा उपलब्ध हुन नसकेको शिक्षक देवकुमार लामाले बताए। उनका अनुसार बरडाडाको समस्या तत्काल समाधान गर्न स्थानीय तहले स्वास्थ्य सेवा नियमित र प्रभावकारी बनाउन आवश्यक छ।

वरिष्ठ मैथिली साहित्यकार

डा. रेवतीरमण लालको निधन

मधेशदृष्टि
जनकपुरधाम।

मैथिली साहित्यका वरिष्ठ स्रष्टा तथा समालोचक डा. रेवतीरमण लालको निधन भएको छ । जनकपुरधामस्थित एक अस्पतालमा उपचारका क्रममा शनिबार साँझ उनको निधन भएको हो।

धनुषाको साविक देवडिहा गाविस–३, खिरखिरियामा २ मार्च १९४३ मा जन्मिएका डा. लालले करिब छ दशक मैथिली साहित्यको विकास र प्रवद्र्धनमा सक्रिय योगदान दिएका थिए । मैथिली विषयमा विद्यावारिधि गरेका उनी नेपाल राष्ट्र बैंकका अवकाशप्राप्त कर्मचारीसमेत थिए। कथा, कविता, गीत, लेख, पटकथा, साक्षात्कार, यात्रावृत्तान्त र लोकसाहित्यलगायतका विधामा उनले कलम चलाएका छन् । सन् १९६० मा प्रकाशित ‘सरस्वती वन्दना’ उनको पहिलो प्रकाशित मैथिली रचना थियो । डा. लालका ‘साक्षात्कार’, ‘माधव नहि अएला मधुपुरसँ’, ‘हमर विदेश भ्रमण’, ‘महाकवि विद्यापति’ र ‘खिस्सा पिहानी’ लगायतका कृति चर्चित छन् । ‘धनुषाधाम और मणिमण्डप’ उनको पर्यटनसम्बन्धी महत्वपूर्ण कृतिका रूपमा लिइन्छ।

मैथिली त्रैमासिक पत्रिका ‘नैमिकानन’को सम्पादनसमेत गरेका डा. लालका सिर्जना विद्यालय तथा महाविद्यालयका पाठ्यक्रममा समेत समेटिएका छन्।

साहित्यसँगै सामाजिक क्षेत्रमा पनि सक्रिय उनी विविधा मैथिली मञ्चका संस्थापक सचिव, मैथिली साहित्य परिषद्का सदस्य तथा मैथिली साहित्यकार सभाका सल्लाहकारका रूपमा आबद्ध थिए । मैथिली साहित्यमा पुर्‍याएको योगदानका लागि उनले वैदेही प्रतिभा पुरस्कार, त्रिमूर्ति पुरस्कार, मिथिला रत्न, ज्योतिरीश्वर साहित्य सम्मान र नेपाल सरकारको प्रादेशिक प्रतिभा पुरस्कारलगायतका सम्मान प्राप्त गरेका थिए।

डा. लालको निधनले मैथिली साहित्यमा लामो समयदेखि सक्रिय एक अनुभवी स्रष्टाको अभाव भएको साहित्य क्षेत्रका व्यक्तिहरूले बताएका छन् । उनका प्रकाशित कृति र साहित्यिक योगदानले भने मैथिली साहित्यमा उनको सम्झना दीर्घकालसम्म जीवित राख्ने विश्वास गरिएको छ।

जजक मुद्दाका फरार अभियुक्त पक्राउ

मधेशदृष्टि
वीरगंज।

जबरजस्ती करणी तथा बलात्कार मुद्दामा १० वर्ष कैद सजाय तोकिएका एक फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर ४ तुलसीबर्वा बस्ने ३५ वर्षीय राजवा भन्ने अखिलेश साह तेली रहेका छन्।

इलाका प्रहरी कार्यालय भिस्वाबाट खटिएको प्रहरी टोलीले उनलाई शनिबार दिउँसो उनकै घरबाट नियन्त्रणमा लिएको हो । बलात्कार मुद्दामा कसुर ठहर भएपछि अदालतबाट १० वर्ष कैद सजाय तोकिएका तेलीलाई आवश्यक कारबाहीका लागि पर्सा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।

यसैबिच, बाराको पचरौता नगरपालिका–७ स्थित बेनौली क्षेत्रबाठ प्रहरीले १५१ किलो गाँजा बरामद गरेको छ । ठूलो परिमाणमा गाँजा बोकेर हिँडिरहेका ८–९ जनाको समूह भने प्रहरीलाई देखेपछि गाँजाका पोका खेतमै छाडेर फरार भएका थिए । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार शनिबार राति बजे पचरौता–७ स्थित बेनौली चोकबाट गाँजा बरामद भएको हो।

यसैगरि पर्साको पर्सागढी नगरपालिका–३ बाट प्रहरीले करिब ४० किलो गाँजा बरामद गरेको छ । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले शनिबार राति स्थानीय ६० वर्षीय गोरे लामाको घरमा छापा मारेको थियो। घर खानतलासी गर्ने क्रममा ड्रमभित्र लुकाएर राखिएको अवस्थामा करिब ४० किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ । गाँजा भण्डारण तथा बिक्री–वितरणमा संलग्न रहेको आरोपमा प्रहरीले घरधनी लामालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पर्सामा राखेको छ।

बाढीको तथ्यांकमै अन्योलः

प्रहरी र प्राधिकरणको बेपत्ता संख्या फरक



मधेशदृष्टि
नुवाकोट।

रसुवा–भोटेकोशी बाढीमा बेपत्ता तथा मृत्यु भएकाहरूको विवरण सार्वजनिक गर्ने क्रममा सरकारी निकायबीच नै तथ्याङ्कमा ठूलो अन्तर देखिएको छ । नेपाल प्रहरी र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले एउटै घटनासम्बन्धी फरक–फरक सङ्ख्या सार्वजनिक गरेपछि पीडित परिवारसँगै सर्वसाधारणमा समेत अन्योल बढेको छ।

नेपाल प्रहरीले आइतबार बिहान ७ बजेर ४० मिनेटमा सार्वजनिक गरेको ‘रसुवा भोटेकोशी बाढीसम्बन्धी खोज तथा उद्धार अपडेट’मा बेपत्ता हुनेको संख्या ४ हजार ४० उल्लेख गरेको थियो। त्यसको करिब तीन घण्टापछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको विवरणमा भने ४ हजार ९९६ जना बेपत्ता अर्थात् सम्पर्कविहीन रहेको उल्लेख छ।

यसअनुसार एउटै दिन सार्वजनिक दुई सरकारी तथ्याङ्कबीच बेपत्ताको सङ्ख्यामा मात्रै ९५२ जनाको अन्तर देखिएको छ । मृतकको विवरणमा पनि यस्तै असमानता देखिएको छ । प्रहरीले शनिबार सार्वजनिक गरेको विवरणमा बाढी तथा पहिरोमा परी मृत्यु भएकाको सङ्ख्या १ हजार ३४१ उल्लेख थियो । प्राधिकरणले भने सोही दिन मृतकको संख्या १ हजार ३३१ सार्वजनिक गरेको थियो।

भदौ १० गतेदेखि नै दुवै निकायबाट सार्वजनिक हुँदै आएका विवरणमा फरक देखिँदै आएको छ । राज्यका जिम्मेवार निकायबाट एउटै घटनाको तथ्यांक फरक–फरक आउँदा वास्तविक अवस्था कुन हो भन्नेमा सर्वसाधारण अन्योलमा परेका छन् । नेपाल प्रहरीका प्रवक्ता एवं डीआइजी अभिनारायण काफ्ले भने प्रहरीबाट सार्वजनिक हुने तथ्याङ्क तथ्यपरक रहेको दाबी गर्छन् । उनका अनुसार देशभर प्रहरीको सञ्जाल रहेकाले स्थानीय तहदेखि प्राप्त सूचनाका आधारमा तथ्य तथा तथ्यांक संकलन गरिन्छ। प्राधिकरणले भने प्रहरीसँगै सशस्त्र प्रहरी र नेपाली सेनाबाट समेत विवरण संकलन गर्ने भएकाले फरक निकायबाट प्राप्त विवरण दोहोरिन सक्ने र त्यसका कारण संख्या फरक पर्न सक्ने काफ्लेको भनाइ छ।

प्रवक्ता काफ्लेले प्रहरीले अधिकांश विवरण आवश्यक पुष्टि गरेर मात्रै सार्वजनिक गर्ने गरेको बताएका छन् । एउटै घटनाका विषयमा विभिन्न व्यक्तिले छुट्टाछुट्टै सूचना दिएमा पनि तथ्याङ्क दोहोरिन सक्ने उनको भनाइ छ।

प्रहरीले अहिले बेपत्ता व्यक्तिहरूको नामसहित विवरण सङ्कलन गरिरहेको जनाउँदै केही दिनभित्र थप यकिन तथ्याङ्क आउने काफ्लेले बताएका छन् । यता प्राधिकरणकी प्रवक्ता शान्ति महतले पनि बेपत्ता तथा मृतकको विवरण सुरक्षा निकायबाटै प्राप्त हुने भएकाले एउटै व्यक्तिको विवरण विभिन्न स्रोतबाट आउँदा दोहोरिन सक्ने बताएकी छन्। उनका अनुसार यही कारण तथ्याङ्कमा केही तलमाथि हुन सक्ने अवस्था रहेको छ।